घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही दाङ, लुम्बिनी प्रदेश नेपाल

**वोलपत्र आव्हानको सूचना**

सूचना नं.२३/०७७/०७८ प्रथम पटक प्रकाशित मिति : २०७८/१/०६

घोराही उपमहानगरपालिका नगर कार्यापालिकाको कार्यालयबाट तपसिलमा उल्लेखित कार्यहरु वोलपत्र बाट खरिद गर्नु गराउनु पर्ने भएकोले इच्छुक फर्म, कम्पनि इजाजतपत्र प्राप्त नेपाली निर्माण व्यावसायीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको वोलपत्र आव्हान गरिन्छ ।

१) यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र यस घोराही उपमहानगरपालिका दाङवाट प्रत्येक वोलपत्र फारामका लागी तपसिलमा उल्लेखित वोलपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) वोलपत्र खरिद गर्ने निवेदनका साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता ईजाजत पत्र, स्थायी लेखा नम्वर प्रमाण पत्र र मुल्य अभिवृद्धि करको दर्ता प्रमाण पत्र तथा आ.व.०७६।०७७ सम्मको कर चुक्ताको प्रमाण पत्र र संम्वन्धीत न.पा/गा.पा.को कर चुक्ता प्रमाणत्रको प्रतिलिपि पेश गरी, PPMO को WEBSITE www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्‍याई विद्युतीय खरिद प्रणली (E-Bidding) गर्न सकिनेछ र E-Bidding का लागि नेपाल वैंक लिमिटेड, घोराही उ.म. न.पा अन्तरिक राजस्व खाता नं: ०२७०३०००००१००१००००१ (for bid document cost) मा जम्मा गरेको सक्कल भौचरको स्क्यानिङ्ग गरी राख्नुपर्नेछ र वोलपत्र विद्युतिय खरिद प्रणालीवाट मात्र खरिद गर्नुपर्नेछ ।

२) E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्रको सूचना घोराही उपमहानगरपालिकाको वेवसाइट www.ghorahimun.gov.np वाट पनि प्राप्त गर्न सकिने छ ।

३) विद्युतीय खरिद प्रणालीवाट खरिद भएका वोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० वजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरि कामको विवरण, वोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई आधिकारीक सहि र फर्मको छाप लगाई उल्लेखित वेवसाइटवाट मात्र दर्ता गराउनु पर्नेछ ।

४) विद्युतीय खरिद प्रणालीवाट मात्र दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० बजे वोलपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा घोराही उप(महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ तर वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

५) वोलपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) वोलपत्र साथ जमानत वापतको तपसिलमा उल्लेखित रकम नेपाल वैंक लिमिटेड, घोराही उ.म.न.पा धरौटी खाता नं : ०२७०३००००३०००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैङकवाट “क” वर्गको इजाजत प्राप्त वैङक वाट घोराही उपमहानगरपालिकाको नाममा जारी भएको, वोलपत्र पेश गर्ने अन्तिम मितिवाट १२० दिन सम्म म्याद भएको विडवण्ड पेश गर्नु पर्नेछ ।

८) वोलपत्र दाताले वोलपत्रमा दररेट भर्दा मूल्य अभिवद्धि कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । वोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा वोलपत्र दाताको अनिवार्य सहि छाप भएको हुनुपर्नेछ ।

दधिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

९) कालो सूचिमा नपरेको स्वयं घोषणापत्र वोलपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

१०) संयुक्त उपकम (Joint Venture) को माध्यमवाट कामगर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्वन्धि सम्झौतापत्र पेश गर्नु पर्नेछ र संयुक्त उपकममा बढिमा ३ (तीन) वटा फर्महरुले संयुक्त रुपमा भागलिन सक्नेछन । सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनुपर्नेछ ।

११)वोलपत्र सम्वन्धि अन्य कुरा बुझ्नु परेमा घोराही उपमहानगरपालिका वा फोन ०८२-५६३२७३, सम्पर्क राख्न सकिनेछ ।

१२) म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३) एक फर्मको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन ।

१४) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक वोलपत्र स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार घोराही उपमहानगरपालिकामा सुरक्षित रहनेछ तथा उल्लेखित शर्तहरु रीतपूर्वक नभएको वोलपत्र स्वत खारेज हुनेछ ।

१५) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र विद्युतीय खरिद प्रणली निर्देशिका,२०७४ बमोजिम हुनेछ

कामको विवरणहरु :

| सि. नं. | ठेक्का नं. | कामको विवरण / स्थान | कुल ल.ई. रकम रु (मु.अ.क.र कन्टिन्जेन्सि बाहेक) | धरौटी रकम | वोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १. | NCB/WORKS/GSMC/23/077/078 | पर्यटन सूचना केन्द्र | १९,८५,४७१।०७ | ६०,०००।०० | ३,०००। |

प्रमुख प्रशासकिय अधिकृत